# भाग ५

## नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

## सूचना

नेपाल सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम संवत् २०८२ साल साउन १ गते देखि लागू हुने गरी चिया बगान बाहेकका श्रमिकका लागि देहाय बमोजिम न्यूनतम पारिश्रमिक निर्धारण गरेकोले सोही दफाको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छः-

| क्र. सं. | न्यूनतम पारिश्रमिक | आधारभूत पारिश्रमिक (रू.) | महङ्गी भत्ता (रू.) | जम्मा (रू.) |
|---|---|---|---|---|
| १. | मासिक | १२,१७०।- | ७,३८०।- | १९,५५०।- |
| २. | दैनिक | ४७०।- | २८४।- | ७५४।- |
| ३. | प्रति घण्टा | ६३।- | ३८।- | १०१।- |
| ४. | आंशिक समय कार्य गर्ने कामदारको प्रति घण्टा न्यूनतम पारिश्रमिक | - | - | १०७।- |

**<u>द्रष्टव्यः</u>**

१. उपर्युक्त पारिश्रमिकको अतिरिक्त श्रम ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र प्रचलित कानून



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम श्रम सम्झौता/नियुक्तिपत्र, श्रमिकले पाउने सञ्चयकोष र उपदान लगायतका सुविधाहरू अनिवार्य रूपमा हुनुपर्नेछ ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम स्थानीय तह वा नेपाल कानून बमोजिम अन्य निकायलाई न्यूनतम पारिश्रमिक निर्धारण गर्ने अधिकार प्रदान गरिएकोमा त्यस्तो तह वा निकायले पारिश्रमिक निर्धारण गर्दा यो सूचनामा तोकिए भन्दा कम नहुने गरी निर्धारण गर्नु पर्नेछ ।

३. उल्लिखित न्यूनतम पारिश्रमिक भन्दा कम पारिश्रमिक लिने दिने गरी कसैले पनि कुनै रोजगार सम्झौता गर्न पाइने छैन।

४. माथिको न्यूनतम पारिश्रमिक श्रम ऐन, २०७४ को दफा २८ बमोजिमको कानूनी व्यवस्थालाई समेत आधार बनाई लागू गरिएको छ । न्यूनतम पारिश्रमिक दिने सन्दर्भमा केही प्रावधानहरू फरक भएको अवस्थामा समेत यही न्यूनतम पारिश्रमिकलाई आधार बनाई समायोजन गर्न सकिनेछ ।

५. खण्ड ७३, सङ्ख्या २४, मिति २०८०।०४।३२ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित चिया बगान बाहेकको न्यूनतम पारिश्रमिक सम्बन्धी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचना खारेज गरिएको छ ।

**आज्ञाले,**
**डा.कृष्णहरि पुष्कर**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।